# नेपाली छापामा दलितका समाचारः विषयवस्तु विश्लेषण

प्रमोद भट्ट

केही वर्ष यताका पत्रपत्रिकाहरुलाई सरसर्ती हेर्दा पनि नेपाली छापा जगतले दलितलाई बढी स्थान दिइरहेको आभाष हुन्छ । यो आफैमा एउटा सकारात्मक पक्ष हो । यस पृष्ठभूमिमा छापा जगतले दलित समुदायलाई कसरी चित्रण गरिरहेको छ र यसले दलित मुक्तिको आन्दोलनलाई कुन दिशा तिर डोऱ्याइरहेको छ भन्ने बुझ्नु पनि आवश्यक भइसकेको छ । यही आवश्यकतालाई महसुस गरेर नै सामाजिक विकास तथा अनुसन्धान केन्द्रले यस विषयमा अनुसन्धान गर्न खोजेको हो । नेपालका दलितहरुलाई मुलधारका पत्रपत्रिकाहरुले कसरी चित्रण गरिरहेका छन् र उनीहरुका बारेमा के कस्ता समाचाहरु पाठकसामु प्रस्तुत भएका छन्? यी विषयवस्तुको विश्लेषण गर्नु नै यस अनुसन्धानको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि

समाचारका विषयवस्तु विश्लेषण गर्ने सिलसिलामा हामीले राष्ट्रिय मूलप्रवाहका केही पत्रपत्रिकाहरुलाई छनौट गरेका हौं । राष्ट्रिय स्तरमा प्रकाशित हुने यी पत्रपत्रिकाहरुमध्ये केही दैनिक, केही साप्ताहिक, केही पाक्षिक र मासिक छन् । दैनिक प्रकाशनहरु मध्येबाट हामीले गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्रलाई छानेका छौं भने साप्ताहिकबाट जनादेश, जनमञ्च, हाँक, छलफल, प्रकाश, देशान्तर, घटना र बिचार, पुनर्जागरण, जन आस्था, जनधारणा, नयाँ मोर्चा, जन एकता, समकालीन, विमर्श र पाक्षिक-मासिकबाट हिमाल, मूल्याङ्कन र एक्काइशौं शताब्दीलाई छनौट गरेका छौं । यी सबै पत्रपत्रिकाहरुका २०४६ साल पछिका अंकहरु मात्र हामीले यस अध्ययनमा समावेश गरेका छौं । तर यसमा एकरुपता भने छैन । यसो गर्नुको पछाडिको प्रमुख कारण २०४६ सालपछिका दिनहरुमा दलितका समाचारमा बृद्धि हुनु नै हो । पर्याप्त श्रोत साधन र समयको अभावले गर्दा पनि हामीले कालखण्डमा प्रकाशित भएका सबै पत्रपत्रिकाहरुलाई समेट्न सकेका छैनौं । तर छनौट भएका समयावधिका यी पत्रिकाले दलितका समाचारका विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्छन् भन्ने हाम्रो मान्यता रहेको छ ।

यो एक विवेचनात्मक अध्ययन हो । हामीले कुन पत्रिकाले दलितका बारेमा कतिवटा समाचार प्रकाशित गरे भन्ने संख्यात्मक विश्लेषण गर्न खोजेका होइनौं । हामीले त खाली प्रारम्भिक अन्वेषण गरेर भविष्यमा गर्न सकिने यस्ता खालका वृहत अध्ययनका लागि एउटा धरातल खडा गर्ने जमर्को गरेका छौं । त्यसैले हाम्रो यो अध्ययन समाचारका गुणात्मक पक्षतिर केन्द्रित भएको छ ।

## विषयवस्तु विश्लेषण

छापामा दलितका समाचार मूलतः दुई तरीकाले प्रस्तुत भएका पाइन्छन्: (१) रिपोर्टिङ वा स्थलगत् अध्ययनका आधारमा तयार पारिएका घटना विवरणका रुपमा र (२) वैचारिक लेखहरुका रुपमा । संख्यात्मक हिसाबले रिर्पोटिङ वा स्थलगत अध्ययनका आधारमा तयार पारिएका समाचारहरु वैचारिक लेखहरुका तुलनामा निकै बढी देखिन्छन् ।

रिपोर्टिङका रुपमा प्रस्तुत भएका समाचारहरुले दलित सम्बन्धी विविध विषयवस्तुलाई समेटेको पाइन्छ । तर यस्ता विविध विषयवस्तुलाई पनि तीन समूहमा राखेर हेर्न सकिन्छ : (१) दलितका जीवन र उत्पीडन, (२) दलित उत्थानका लागि सरकारी एवं गैर-सरकारी, दलित एवं गैर दलित संघ संस्थाहरुका गतिविधि र (३) दलित उत्पीडनका विरुद्ध भए गरेका भुल्के आन्दोलन ।

पहिलो समूहका लेखहरुमा विभिन्न दलित जातिहरुको जीवन र संस्कृतिको चित्रण गरिएको देखिन्छ । अरु दलित जातिको तुलनामा मुसहर, चमार, दुसाध, गाइने, बादी जातिले बढी प्राथमिकता पाएको देखिन्छ । साथै यस्ता लेखहरुमा यी जातिका उत्पीडनका समस्या पनि झल्काउन खोजेको पाइन्छ । जस्तै मुसहरमा हुने बालविवाह र भूमिहिनता, बादी जातिको पुर्ख्यौली वेश्यावृत्ति पेशा र यी जातिमा अन्तर्जातीय यौन सम्पर्क वा विवाह पश्चात हुने नागरिकता वा वंशजको समस्या । यसै समूहका लेखहरुले जातीय भेदभाव र छुवाछूतका विभिन्न स्वरुपहरु पनि झल्काएका छन्, जस्तै सार्वजनिक धारा, पँधेरामा पानी भर्ने समस्या, मन्दिर प्रवेशमा रोक, डेरीमा दूध अस्वीकृत, सरकारी कार्यालयमा भेदभाव, पार्टीमा भेदभाव, स्कूलमा भेदभाव, अन्जानमा घर छोइएकोमा दण्ड जरीवाना, सिनो फाल्न नमान्दा सार्वजनिक नाकाबन्दी, चिया पसल छोइएकोमा सजाय, दलित भित्रैको छुवाछूत र दलित महिला उत्पीडन । सामान्यता यस्ता समाचारहरु स्थलगत अध्ययनमा आधारित छन् । केही समाचारहरुमा उत्पीडनका कानूनी पक्षहरु पनि झल्काइएका छन्– जातीय भेदभाव वर्तमान प्रजातन्त्र र संविधानसम्मत छैन र यो गैर कानूनी गैर प्रजातान्त्रिक कार्य हो भन्ने समावेश गरिएको छ । यस्ता लेखहरु प्रायजसो सम्बद्ध छापा घरका कर्मचारीले नै लेख्ने हु“दा नाम उल्लेख गरिएको ह“दैन । नाम उल्लेख भएका लेखहरुमध्ये दलित भन्दा गैर दलितले नै बढी लेख्ने गरेका छन् । यसो हुनुको मुख्य कारण नेपाली छापा जगतमा भएका दलितहरुको न्यून सहभागिता नै हो । हालसालै गरिएका केही अनुसन्धानहरुले पनि यस कुराको पुष्टि गरेका छन् ।

दोस्रो समूहका लेखहरुमा दलित उत्थानका लागि विभिन्न संघ संगठनहरुले गर्ने गरेका गतिविधिहरुलाई नै समाचारका विषयवस्तु बनाइएको हुन्छ । छुवाछूत सम्बन्धी गोष्ठी, अन्तरङ्क्रिया, दलितलाई छात्रवृत्ति, जातीय सम्मेलन, दलित जागरण अभियान, दलितलाई तालिम, दलित पुरस्कृत जस्ता विषयवस्तु नै यस समूहका लेखहरुमा परेका छन् । यसका साथै विभिन्न दलित संगठनहरुले एक अर्का विरुद्ध प्रहार गर्ने आक्षेपहरु पनि समावेश भएका देखिन्छन् । अन्य संगठनको तुलनामा मुक्ति समाज (माले र एमाले समर्थित) र जातीय समता समाजका गतिविधिहरुबारे बढी समाचार देख्न सकिन्छ ।

तेस्रो समूहका लेखहरुमा दलितले छुवाछूत भेदभाव विरुद्ध गर्दै आएका विभिन्न अल्पकालीन आन्दोलनहरुलाई समावेश गरिएको छ । जस्तै दलित छुवाछूत विरुद्ध एक जुट भए, दलितले उत्पीडकलाई कारवाही गरे, संघर्षमा जुटे, दलितको लालटीन जुलुस, दलितको अनशन, दलितहरु गर्जे, दलितहरुले मन्दिर प्रवेश गरे, आदि । यस्ता केही समाचारहरु आक्रामक शैलीमा प्रस्तुत गरिएका भेटिन्छन् । देशका विभिन्न भागहरुबाट रिपोर्टिङ भइरहेका यस्ता समाचारहरुले दलित मुक्ति गतिविधिको सेरोkmरो व्यापक हुँदैगएको तर्फ इंगित गर्दछन् । तुलनात्मक रुपमा यस्ता समाचार हिमाली जिल्लाहरु भन्दा पहाडी र तराईका जिल्लाहरुबाट बढी रिपोर्टिङ हुने गरेको पाइएको छ । त्यस बाहेक जुन ठाउँमा जातीय उत्पीडनका अलि ठूलै घटना घटेका छन् (जस्तै लहान, भोटेनामलाङ्ग, कास्की) त्यहाँबाट बढी मात्रामा यस्ता समाचार रिपोर्टिङ हुने गरेका छन् ।

दलित सम्बन्धी वैचारिक लेखहरु तीन किसिमले प्रस्तुत भएका देखिन्छन् । पहिलो, कुनै वास्तविक घटनालाई आधार मानेर लेखिएका निष्कर्ष सहितका लेखहरुका सम्पादकीयहरु । दोस्रो, दलित मुक्तिको प्रयासमा लागिपरेका दलित वा गैर दलित व्यक्तिहरुका अन्तर्वार्ता र तेस्रो पूर्णतया वैचारिक लेखहरु, जुन सम्पादकीय र साधारण लेखहरुका रुपमा देखिएका छन् । कुन पत्रिकाले कस्तो खालको वैचारिक लेख छापेको छ भन्ने कुरा त्यस पत्रिकाको राजनैतिक पार्टीगत आवद्धताले पनि निर्दिष्ट गरेको हुन्छ भन्ने कुरा यस्ता लेखहरुमा प्रष्टसँग देख्न सकिन्छ । जस्तै माओवादीसँग निकटता राख्ने जनादेशले दलितको मुक्ति जनवादी आन्दोलनबाट मात्र सम्भव छ भन्ने विचार अघि सारेको छ भन्ने नेपाली काँग्रेससँग निकट सम्बन्ध राख्ने विमर्श वा देशान्तरले सुधारवादी प्रक्रियामा बढी जोड दिएको पाइन्छ । वामपन्थी विचार धाराका लेखहरुले वर्गीय मुक्ति बिना जातीय मुक्ति असंभव देख्दछन् भने अन्यले आरक्षण, आर्थिक उत्थानका कार्यक्रमबाट पनि छुवाछूत अन्त्य हुने विश्वास राख्दछन् । दलितहरुले एकतामा जोड दिनु पर्ने, राजनीतिक पार्टी डलरमुखी गैर सरकारी संस्थाहरुबाट टाढा रहनु पर्ने, आरक्षणको माग गर्नु पर्ने, आफूमा भएको हीनतावोध त्याग्नु पर्ने विचारहरु पनि प्रशस्तै पढ्न सकिन्छन् । यस्ता लेखहरुमा गैरदलित भन्दा दलितको सहभागिता नै बढी भएको पाइएको छ । यी लेखहरुका लेखकहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दलित आन्दोलनमा लागिपरेका व्यक्तिहरु हुन् । यसरी के देख्न सकिन्छ भने दलितको वैचारिक लेखन कुनै एक दिशा तिर मात्र नभएर विभिन्न दिशाहरुतिर एकै साथ अघि बढिरहेको देखिन्छ । प्राय जसो लेखहरु सतही छन् । लेखकहरुमा गहिरो अध्ययनको कमी रहेको पाइन्छ जसले गर्दा विचारहरु पटक पटक दोहोरिएका छन् । जस्तै, वर्गीय क्रान्तिसँग जातीय क्रान्ति जोड्ने क्रममा यस्तो क्रान्तिको वास्तविक स्वरुप के हुने र कसरी यस्तो क्रान्ति अगाडि बढ्न सक्छ भन्ने बारेमा स्पष्टता छैन । त्यसै गरेर आरक्षणकै कुरामा पनि आरक्षणको वास्तविक स्वरुप के हुने र यदि आरक्षण विधायिकाबाट स्वीकृत भए यसलाई कसरी कार्यान्वयन गराउने भन्ने विषयमा थुप्रै अस्पष्टताहरु छन् । वैचारिक लेखनको माध्यमबाट यी विषयहरुमा गम्भीर छलफल र बहस चलाउन जरुरी छ ।

## निष्कर्ष

राष्ट्रिय मूलधारका पत्रपत्रिकाहरुमा संख्यात्मक र विषयवस्तुका हिसाबले पनि दलित सम्बन्धी समाचारमा बृद्धि भएको पाइन्छ । यस्ता समाचार लेखनमा दलित र गैरदलित दुबैको सहभागिता रहेको छ । प्रायः जसो लेखहरुले दलितको जीवन, उत्पीडन र मुक्ति, उत्थानलाई सँगसँगै अगाडि बढाउन खोजेको पाइन्छ र विशेषगरी वामपन्थी विचारधाराका लेखकहरु

बढी आक्रामक शैलीमा आएका देखिन्छन् ।

निश्चय नै वैचारिकलेखनहरु सतही रुपमा नभएर गम्भीर अध्ययन अनुसन्धान पश्चात ठोस रुपमा आउनु जरुरी छ । त्यसै गरेर सम्बद्ध पत्रपत्रिकाहरुले पनि कुनै एक निश्चित विचारको वकालत मात्र नगरी सबैखाले विचार समेट्न सकेमा दलित मुक्तिको विषयमा अझ गम्भीर बहस वा छलफल हुनसक्छ जुन बढी उपयोगी पनि हुनजान्छ । यसका साथै दलित उत्थानमा लागिपरेका गैर सरकारी संस्थाहरुलाई आक्षेप मात्र लगाउनु भन्दा उनीहरुले गरेका राम्रा प्रयासहरुको सही र स्पष्ट चित्रण गर्नु पनि आवश्यक छ ।